**आपतकालीन** ※ कृपया आपतकालीन बेलामा मात्र फोन गर्नुहोला । परामर्श तथा सोधपुछ नगरिदिनुहोला ।

**प्रहरी : 110 (दुर्घटना・घटना)**

**एम्बुलेन्स・दमकल : 119 (अचानक बिरामी・आगलागी) (17 वटा बहुभाषी सेवा प्रदान ※)**

※ अंग्रेजी, चाइनिज, कोरियन, थाई, भियतनामी, इन्डोनेशियन, तागालोग, नेपाली, पोर्तुगाली, स्पेनीस, फ्रान्सेली, जर्मनी, इटालियन, रसियन, मलेसियन, खामेर, बर्मेली

●एम्बुलेन्सलाई कल गर्ने कि नगर्ने भन्ने दोधारमा पर्नुभएको बेला परामर्श फोन「वयस्कहरूको लागि आकस्मिक फोन परामर्श」#7119 अथवा TEL : 022-706-7119 (जापानिज भाषा मात्र)
कार्यालयको दिन 19:00 भोलि पल्ट 8:00 शनिबार 14:00 भोलि पल्ट 8:00 आइतबार, सार्बजनिक बिदाको दिन 24 सै घण्टाखुल्ला

●बालबालिकाको लागि रात्री समयमा आकस्मिक बिरामी वा घाइते हुन पुगेको बेलाको लागि परामर्श फोन「मियागी प्रान्त बाल रात्रीसमय सुरक्षा कल」
#8000 अथवा TEL : 022-212-9390 (जापानिज भाषा मात्र) प्रत्येक दिन 19:00 भोलि पल्ट 8:00

●राती वा बिदाको दिनमा अचानक बिरामी अथवा घाइते हुँदा, खुल्ला हुने अस्पतालहरु (चिकित्सा संस्था) निम्न अनुसार छन।

| | | | |
|---|---|---|---|
| **सेन्दाई आकस्मिक चिकित्सा केन्द्र**<br>वाकाबायासी-कु,फुनाच्योउ 64-12<br>TEL : 022-266-6561 | आन्तरिक चिकित्सा | बिदाको दिन बाहेक | 19:15-भोलिपल्ट 7:00 |
| | | शनिबार | 14:45-भोलिपल्ट 7:00 |
| | | आइतबार र सार्वजनिक बिदाको दिन | 9:45-12:00,<br>13:15-17:00,<br>18:00-भोलिपल्ट 7:00 |
| | शल्य चिकित्सा | बिदाको दिन बाहेक | 19:15-23:00 |
| | | शनिबार | 14:45-23:00 |
| | | आइतबार र सार्वजनिक बिदाको दिन | 9:45-12:00,<br>13:15-17:00,<br>18:00-23:00 |
| | ओर्थोपेडिक्स, नेत्र रोग, स्त्री रोग, नाक कान घाँटी | आइतबार र सार्वजनिक बिदाको दिन | 9:45-12:00,<br>13:15-17:00 |
| **सेन्दाई सिटि होकुबू आकस्मिक चिकित्सा केन्द्र**<br>आवोबा-कु, चुचुमीमाची 1-1-2-2F<br>TEL : 022-301-6611 | आन्तरिक चिकित्सा,<br>शल्य चिकित्सा | बिदाको दिन बाहेक | 19:15-23:00 |
| | | शनिबार | 14:45-23:00 |
| | | आइतबार रसार्वजनिक बिदाको दिन | 9:45-12:00,<br>13:15-17:00,<br>18:00-23:00 |

| | | | |
|---|---|---|---|
| **सेन्दाई रात्रि बिदाको बेलामा खोलिने बाल आकस्मिक चिकित्सा केन्द्र**<br>ताइहाकु-कु, आसुतो नागामाची 1-1-1-1F<br>TEL : 022-247-7035 | बालरोग,<br>(आन्तरिक रोग मात्र) | बिदाको दिन बाहेक | 19:15-भोलिपल्ट 7:00 |
| | | शनिबार | 14:45-भोलिपल्ट 7:00 |
| | | आइतबार र सार्वजनिक बिदाको दिन | 9:45-12:00,<br>13:15-17:00,<br>18:00-भोलिपल्ट 7:00 |
| **सेन्दाई दन्त चिकित्सा केन्द्र, गृह भ्रमण अपाङ्ग, बिदाको बेलामा खोलिने आकस्मिक रात्री चिकित्सा केन्द्र** आवोबा-कु, इचुचुबासि 2-12-2-12F<br>TEL : 022-261-7345 | दन्त चिकित्सा | शनिबार | 19:00-22:30 |
| | | आइतबार र सार्वजनिक बिदाको दिन | 10:00-11:30,<br>13:00-15:30,<br>19:00-22:30 |

※ स्थानीय अस्पताल तथा चिकित्सा संस्थानहरूमा पनि बिदाको दिनमा आकस्मिक बिरामीको जाँच गर्ने "क्युजिचु तोउबान इ" भनिने प्रणाली पनि उपलब्ध छ । बिरामी जाँच्ने समय : 9:00-16:00 सम्म
विस्तृत रूपमा : कृपया सेन्दाई सिटीको HP हेर्नुहोला ホーム होम＞くらしの情報(じょうほう) बसाई सम्बन्धी जानकारी＞くらしの安全(あんぜん)・安心(あんしん) सुरक्षित तथा ढुक्कको बसाई＞救急(きゅうきゅう)・休日当番医(きゅうじつとうばんい) आकस्मिकता र क्युजिचु तोउबान इ

※ सेन्दाई सिटीको HP मा स्वत: अनुवादक सिस्टम उपलब्ध छ । HP को दाइने पट्टी माथिको "Foreign Language" बाट भाषा छान्न सक्नुहुनेछ ।

## भूकम्प

भूकम्प कहिले आउँछ भन्ने थाहा हुँदैन । भूकम्प आउँदा खेरिको तयारीका लागि, निम्न कुराहरूको बारेमा बुझीराखौं ।

**●भूकम्प आउन अगाडी नै गर्न सकिने कुराहरू ●**

**(1) कल्पना गरेर हेर्ने**

अहिले, भूकम्प आएमा के गर्नु हुन्छ ? विभिन्न परिस्थितिको परिकल्पना गर्दै परिवार तथा साथीहरूको बीचमा राम्रोसँग छलफल गरौं ।

**(2) घर भित्रको सुरक्षाको बारेमा राम्रोसँग ध्यान दिने**

भूकम्पले फर्निचर तथा टेलिभिजन आदि त ढाल्दैन ? सिलिङ्गको बत्ति चाहिँ हलुको खालको भएमा सुरक्षित हुन्छ । ओछ्यानको छेउमा चप्पल, रेडियो तथा टर्च लाइट राख्ने गरौं ।

**(3) घर छेउछाउ तथा बाटोको सुरक्षाको बारेमा बुझिराखौं**

माथिबाट कुनै वस्तुहरू नझर्ने फराकिलो ठाउँ आदि, घर नजिकको सुरक्षित स्थानको बारेमा जानकारी लिई राखौं । समुन्द्र नजिक हुनुहुन्छ भने सुनामी बाट बच्न, भाग्ने अग्लो सुरक्षित स्थानको बारेमा बुझीराखौं ।

**(4) आश्रयस्थलको जानकारी**

सेन्दाई सिटीको प्रथामिक तथा निम्नमाध्यमिक बिधालय लगायतका ठाउँलाई आश्रयस्थलको रूपमा तोकिएकोछ ।

**आश्रय स्थलको विवरण** → SenTIA (सेन्टिया) अन्तर्राष्ट्रिय सम्बन्ध विभागको HP शिर्ष＞विदेशी भाषामा जानकारी＞प्राकृतिक प्रकोप रोकथाम＞आश्रय स्थलको विवरण (जा, अं, चा, को)